आज मिति २०७५।३।६। गतेका दिन यस दामी गाउँपालिका अध्यक्ष श्री निम बहादुर के.सी. ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिका बैठक प्रारम्भ गरियो।

उपस्थिति

(१) श्री निम बहादुर के.सी. - अध्यक्ष
(२) श्री टिका शर्मा वली - उपाध्यक्ष
(३) श्री कवि कुमार चन्द - वडा अध्यक्ष वडा नं. १
(४) श्री डिल्ली बहादुर के.सी. ,, ,, ,, २
(५) श्री सैतिराम शोकाहा ,, ,, ,, ३
(६) श्री चन्द्रबहादुर रावत ,, ,, ,, ४
(७) श्री रामबहादुर के.सी. ,, ,, ,, ५
(८) श्री दुर्गा बहादुर मल्ल ,, ,, ,, ६
(९) श्री अमृता कामी कार्यपालिका सदस्य
(१०) श्री सन्तारामकामी ,, ,,
(११) श्री मञ्जु शाही ,, ,,
(१२) श्री जुना मल्ल चन्द ,, ,,
(१३) श्री देवी खत्री ,, ,,
(१४) श्री धनिराम नेपाली ,, ,,
(१५) श्री वसुन्धरा पुन - प्रमुख प्रशासकीय अधिकृत
(१६) श्री दिपक कवर - लेखापाल
(१७) श्री जित बहादुर बली खरिदार
(१८) श्री सन्दिप घिमिरे - इन्जिनियर
१९ - इन्द्र भण्डारी क. स.

<u>प्रस्तावहरु</u>

(१) नीति तथा कार्यक्रम सम्बन्धमा ।
(२) सभा सञ्चालन सचिवालय सम्बन्धमा ।
(३) राजपत्रको मुल्य निर्धारण सम्बन्धमा ।
(४) रकम विनियोजन सम्बन्धमा ।
(५) आर्थिक सहयोग सम्बन्धमा ।
(६) दै.भ्र०भ० र भत्ता तथा खाजा खर्च सम्बन्धमा ।
~~(७) आन्तरिक लेखा परिक्षण सम्बन्धमा ।~~

निर्णयहरु

नि.नं. (१) प्रस्ताव नं. १मा छलफल गर्दा यस दार्मा गाउँपालिका को आ.व. २०७५/०७६ को नीति तथा कार्यक्रम पारित गरी गाउँ सभामा पेश गर्ने निर्णय गरियो।

निर्णय नं. (२) प्रस्ताव नं. २मा छलफल गर्दा यस दार्मा गाउँपालिका को आ.व. २०७५/७६ को गाउँ सभा सञ्चालनको सहयोगको लागी तपसिल बमोजिम सदस्य रहने गरी गाउँ सभा सञ्चालन सचिवालय गठन गर्ने निर्णय पारित गरियो। गाउँ सभा सम्बन्धी प्रशासनिक कार्य सोही समितिले गाउँ पालिका अध्यक्ष संगको परामर्शमा सञ्चालन गर्ने छ।

(क) श्री वसुन्धरा पुन - संयोजक (प्र.प्र.अ.)
(ख) श्री इन्द्र बहादुर भण्डारी - सदस्य
(ग) श्री जित बहादुर वली - सदस्य
(घ) श्री दिपक कवर - सदस्य
(ङ) सन्दिप घिमिरे - सदस्य

निर्णय नं. (३) प्रस्ताव नं. ३मा छलफल गर्दा यस गाउँ पालिकाको कार्यालयबाट राजपत्र किताब को मुल्य रु १५०।- (एकसयपचास) ~~लिई~~ लिएर मात्र राजपत्र दिने निर्णय पारित गरियो।

नि.नं.(४) प्रस्ताव नं. ४ मा छलफल गर्दा तपसिल बमोजिमका योजना तथा कार्यक्रमका लागी कन्टेन्जेन्सी खर्च बाट खर्च गर्ने गरी रकम विनियोजन गर्ने निर्णय पारित गरियो।

तपसिल
(i) चिप्ले खानेपानी रु ५,००,०००।-
(ii) सिमलनेटा ढाकाडामकोट लामीडाँडा सडक मर्मत रु १,००,०००।-

निर्णय नं.(५) प्रस्ताव नं. (५) मा छलफल गर्दा दैवी प्रकोप तथा अन्य प्रकोप पिडितहरुका फाइल हरु अध्ययन गरी आर्थिक सहयोगका लागी आवश्यक निर्णय गरी ~~[illegible]~~ आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो।

नि.नं.(६) प्रस्ताव नं. ६मा छलफल गर्दा मदिरा नियन्त्रण कार्यका लागी खटिएका पदाधिकारी, कर्मचारी हरुलाई दैनिक रु १५००= दै.भ्र.भ. र खाजाखर्च भुक्तानी गर्ने र कार्यालय सहयोगीको परिश्रम। खटिएका कर्मचारी हरुलाई रु १५००।- भत्ता दिने निर्णय पारित गरियो।